**पत्र संख्या :२०७७।०७८**

**चलानी नं :** **मिति :..................**

**<u>विषय : रत्ननगर वाटर किङ्डम निर्माण सम्बन्धि लागत साझेदारी प्रतिवद्धता</u>**

उपरोक्त सम्बन्धमा रत्ननगर नगरपालिकाको मिति २०७८।०१।१० को राष्ट्रिय दैनिकमा प्रकाशित **लागत साझेदारी प्रतिवद्धता** आह्वान सम्बन्धि सूचना अनुसार रत्ननगर वाटर किङ्डम निर्माणका लागि नगरपालिका तर्फको लागतको ..................% ले हुन आउने रकम रु ............................(अक्षररुपी ..........................................................)बराबरको लगानी गर्ने प्रतिवद्धता जाहेर गर्दै लगानीका लागि यो प्रतिवद्धता पत्र पेश गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

**<u>निवेदक</u>**

दस्तखत :

नाम :

मिति :

संस्थाको छाप :

**संलग्न कागजातहरु**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. नेपाली नागरिकताको प्रतिलिपि
५. अन्य

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल
स्था. २०७३

प्रमाणीकरण गर्नेको

नामः नारायण वन

पदः नगर प्रमुख

मितिः २०७७।१२।१३

पृष्ठ संख्याः २४

# रत्ननगर नगरपालिकाको

# सार्वजनिक-निजी साझेदारी योजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७

(नगर कार्यपालिकाद्वारा मिति २०७७/१२/१३ मा स्वीकृत)

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल
स्था. २०७३

# विषय सूची

परिच्छेद –१: प्रारम्भिक .......... १

१ पृष्ठभूमि .......... १

२ नाम र प्रारम्भ .......... १

३ परिभाषा .......... १

४ साझेदारीको उद्देश्य .......... ३

परिच्छेद –२: साझेदारीको स्वरूप, क्षेत्र, आधार र संस्थागत व्यवस्था .......... ४

५ साझेदारीको स्वरूप .......... ४

६ साझेदारीको क्षेत्रहरू .......... ४

७ साझेदारीको आधारहरू .......... ५

८ सार्वजनिक निजी साझेदारी समिति .......... ५

परिच्छेद –३: साझेदारीको अवसर पहिचान .......... ६

९ संभावित योजनाको सूची तयार .......... ६

१० योजनाको प्राथमिकीकरण र छनौट .......... ६

परिच्छेद -४: साझेदारीको विस्तृत विवरण तयार र योजनामा समावेश .......... ८

११ विस्तृत विवरण तयारी .......... ८

१२ सार्वजनिक सुनुवाई .......... ९

परिच्छेद -५: साझेदारको छनौट .......... ९

१३ साझेदारका प्रकारहरु .......... ९

१४ आवश्यक कागजातको तयारी .......... १०

१५ व्यक्ति, फर्म, कम्पनी र सामाजिक संस्थालाई साझेदार छनौट गर्ने प्रकृया .......... ११

१६ विशिष्ट प्रकारका संस्था, फर्म वा कम्पनीलाई साझेदार छनौट गर्ने प्रकृया .......... १३

१७ साझा संयन्त्र वा संयुक्त कम्पनी निर्माणको लागि साझेदार छनौट गर्ने तरिका .......... १४

१८ सहमति-पत्र .......... १५

१९ संझौता-पत्र .......... १५

२० सहमति-पत्र र संझौता-पत्रको सुरक्षा .......... १६

परिच्छेद –६: साझेदारीको कार्यान्वयन, अनुगमन र वार्षिक समीक्षा .......... १६

२१ योजनाको कार्यान्वयन .......... १६

२२ योजनाको सुपरिवेक्षण र अनुगमन .......... १६

नारायण बन
नगर प्रमुख

२३ सुपरिवेक्षण तथा अनुगमनको प्रतिवेदन र त्यसको कार्यान्वयन ........ १८

२४ योजनाको वार्षिक समीक्षा ........ १७

परिच्छेद –७: विविध ........ १७

२५ विवाद समाधान ........ १७

२६ योजनाको अन्तिम मूल्याङ्कन र त्यसको कार्यान्वयन ........ १८

२७ सेवा शुल्क, दस्तुर, रोयल्टी वा राजश्व आदिको पुनरावलोकन ........ १९

२८ बीड वण्ड ........ २०

२९ परफरमेन्स वण्ड ........ २०

३० संशोधन ........ २०

३१ बचाउ ........ २०

नारायण वन
नगर प्रमुख

## परिच्छेद –१: प्रारम्भिक

### १ पृष्ठभूमि

सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय सेवा प्रवाह गर्न सकिन्छ भन्ने रत्ननगर नगरपालिकाको आफ्नै अभ्यास, अनुभव र सिकाई रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (८) मा नगरपालिकाले "सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ" भन्ने उल्लेख गरिएको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्नको लागि प्रकृयागत मार्गदर्शन आवश्यक देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) मा नगरपालिकाले आफ्नो "काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ" भन्ने प्रावधान राखिएको छ। सोही प्रावधानका आधारमा सार्वजनिक निजी साझेदारी योजनाहरूको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक मार्गदर्शन प्रदान गर्न सकिन्छ । तसर्थ, निजी क्षेत्रसँग गरिने साझेदारी योजनाहरूको उद्देश्य, स्वरुप, क्षेत्र, आधार, पहिचान, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्क, संस्थागत व्यवस्था, साझेदारको प्रकार र साझेदार खरीद प्रकृया लगायतका विषयमा आवश्यक प्रकृयागत मार्गदर्शन प्रदान गर्न रत्ननगर नगरपालिकाको नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) बमोजिम "रत्ननगर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी योजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७७" जारी गरी लागू गरेको छ ।

### २ नाम र प्रारम्भ

(१) यस निर्देशिकाको नाम "रत्ननगर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी योजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७७" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

### ३ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" लाई सम्झनु पर्दछ ।

(ख) "निर्देशिका" भन्नाले "रत्ननगर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी योजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७७"लाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले रत्ननगर नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "योजना" भन्नाले यस निर्देशिका बमोजिम कार्यान्वयन गरिने योजना, परियोजना वा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ङ) "साझेदारी" भन्नाले "सार्वजनिक निजी साझेदारी"लाई सम्झनु पर्दछ ।

(च) "साझेदार" भन्नाले यस निर्देशिका बमोजिम सार्वजनिक निजी साझेदारी योजना कार्यान्वयन गर्नका लागि सहमति पत्र वा संझौता पत्रमा हस्ताक्षर गरी कार्य गर्ने पक्षहरूलाई सम्झनु पर्दछ ।

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवन बागमती प्रदेश, नेपाल
नारायण बन नगर प्रमुख

(छ) "सेवा शुल्क" भन्नाले यस निर्देशिका बमोजिम साझेदारले कुनै सेवा वा सुविधा उपलब्ध गराए वापत सेवाग्राहीसँग संझौता अनुसार लिन पाउने सेवा शुल्कलाई सम्झनु पर्दछ ।

(ज) "निजी क्षेत्र" भन्नाले प्रचलित कानुन अनुसार सञ्चालित नाफामूलक फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्दछ। यो शब्दले साझेदारी योजना कार्यान्वयनमा साझेदारको रूपमा सहभागी हुने गैर नाफामूलक संस्था समेतलाई सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठन भएको "सार्वजनिक निजी साझेदारी समिति" लाई सम्झनु पर्दछ।

(ञ) "सेवा करार" भन्नाले नगरपालिकाले प्रदान गर्नुपर्ने सेवाहरूमध्ये साझेदारलाई निश्चित शुल्क प्रदान गरी साझेदारमार्फत् सेवा प्रदान गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(ट) "व्यवस्थापन करार" भन्नाले साझेदारलाई निश्चित व्यवस्थापन शुल्क प्रदान गरी सङ्गठनको कुनै संरचना, पूर्वाधार संरचना, जनशक्ति वा सेवा प्रदान गर्ने कार्यको व्यवस्थापन गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(ठ) "राजश्वमुखी व्यवस्थापन करार" भन्नाले साझेदारबाट नगरपालिकालाई नियमित रूपमा निश्चित रोयल्टी, शुल्क वा राजश्व प्राप्त हुने गरी पूर्वाधार संरचना वा सेवा प्रदान गर्ने कार्यको व्यवस्थापन गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(ड) "निर्माण तथा हस्तान्तरण" भन्नाले कुनै पूर्वाधार संरचनाको सञ्चालन र व्यवस्थापन नगरपालिकाले नै बढी प्रभावकारी रूपमा गर्न सक्ने वा कुनै कारणले गर्नुपर्ने भएमा त्यस्ता पूर्वाधार संरचनाको निर्माण निजी क्षेत्रको पूरा वा आंशिक लगानीमा सम्पन्न गरी त्यसको सञ्चालन र व्यवस्थापनको आवश्यक ज्ञान र सीप सहित नगरपालिकालाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ। यस व्यवस्था अन्तर्गत निजी साझेदारले गरेको लगानी नगरपालिकाबाट उचित मुनाफासहित एकमुष्ट वा किस्तामा प्राप्त गर्न सक्नेछ।

(ढ) "निर्माण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै एक पूर्वाधार संरचना वा त्यसको कुनै हिस्सा निजी साझेदारको सम्पूर्ण वा अधिकतम लगानीमा निर्माण गरी निश्चित अवधिसम्म सञ्चालन गरी उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि नगरपालिकालाई उक्त पूर्वाधार संरचना र त्यसमा प्रयोग भएका सम्पूर्ण सम्पतिहरू चालु हालतमा सामान्यतः विना मुआबजा हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(ण) "निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले कुनै सेवा प्रदान गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण प्रणालीको स्थापनाको लागि आवश्यक पर्ने सम्पूर्ण लगानी निजी साझेदारबाट हुने र एक निश्चित अवधिसम्म त्यसको स्वामित्व समेत आफैमा राखी निर्माण र सञ्चालन गरी उचित मुनाफासहित आफ्नो लगानी फिर्ता भैसकेपछि



नारायण वन
नगर प्रमुख

त्यसमा प्रयोग भएका सम्पूर्ण संरचना र सम्पत्तिको स्वामित्व सहित चालु हालतमा सामान्यतः विना मुआबजा नगरपालिकालाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(त) "निर्माण, स्वामित्वकरण तथा सञ्चालन" भन्नाले कुनै खास सेवा प्रदान गर्नको लागि आवश्यक पर्ने पूर्वाधार संरचनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण वा आंशिक लगानी निजी साझेदारले गरी त्यसको स्वामित्व समेत आफैमा राखी निरन्तर सञ्चालन गरिरहने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ। यस व्यवस्थामा निजी साझेदार टाट नंपल्टिएसम्म वा कुनै कारणले असक्षम नभएमा वा कानुनी अस्तित्व समाप्त नभएमा संझौता बमोजिमको कार्य गरिरहन सक्दछ।

(थ) "निर्माण, हस्तान्तरण तथा सञ्चालन" भन्नाले कुनै पूर्वाधार संरचनाको विकासको लागि आवश्यक पर्ने अधिकांश वा आंशिक लगानी निजी क्षेत्रबाट हुने गरी त्यसको निर्माण सम्पन्न भए पश्चात उक्त संरचनाको स्वामित्व र रेखदेखको मुख्य जिम्मेवारी नगरपालिकाले लिई निजी साझेदारलाई उचित मुनाफा सहित आफ्नो लगानी फिर्ता लिनको लागि निश्चित अवधिसम्म त्यसको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी दिने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ। नगरपालिका वा सरकारको स्वामित्वमा रहेको जमिन वा सम्पतिमा निर्माण भएको संरचना सुरक्षा, प्रचलित कानुनी व्यवस्था वा अन्य कुनै कारणले नगरपालिकाले तत्कालै त्यसको मुख्य दायित्व लिनु पर्ने भएमा नगरपालिकाले यस प्रकारको करार गर्न सक्नेछ।

(द) "विकास, सञ्चालन तथा हस्तान्तरण" भन्नाले भैरहेको कुनै सम्पत्ति वा पूर्वाधार संरचनामा निजी क्षेत्रको लगानीमा कुनै सुविधा थप वा क्षमता विस्तार गरी सञ्चालन गर्ने र निश्चित अवधिमा उचित मुनाफा सहित आफ्नो लगानी फिर्ता भएपछि विकास गरिएको संरचना वा सम्पत्ति सामान्यतः विना मुआबजा नगरपालिकालाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

(ध) "राजश्वमुखी निर्माण, सञ्चालन तथा हस्तान्तरण" भन्नाले साझेदारबाट नगरपालिकालाई नियमित रूपमा निश्चित रोयल्टी, शुल्क वा राजश्व प्राप्त हुने गरी कुनै जमीन वा पूर्वाधार संरचनामा थप संरचनाहरू निजी क्षेत्रले आफ्नै लगानीमा निर्माण गरी निश्चित अवधिसम्म सञ्चालन र व्यवस्थापन गर्ने र उचित मुनाफा सहित आफ्नो लगानी फिर्ता भएपछि नगरपालिकालाई उक्त संरचना र त्यसमा प्रयोग भएका सम्पत्तिहरू चालु हालतमा सामान्यतः विना मुआबजा नगरपालिकालाई हस्तान्तरण गर्ने गरी गरिएको करारीय व्यवस्थालाई सम्झनु पर्दछ।

## ४ साझेदारीको उद्देश्य

सार्वजनिक निजी साझेदारीका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(क) स्थानीय विकास र सेवा प्रवाहमा निजी क्षेत्रको पूँजी, प्रविधि, कार्यकुशलता, उद्यमशिलता र व्यवस्थापकीय दक्षतालाई आकर्षित गरी उपयोग गर्ने,

(ख) साझेदारीको माध्यमबाट स्थानीय विकास र सेवा प्रवाहको दायरा फराकिलो बनाउने,

(ग) साझेदारीको माध्यमबाट स्थानीय सेवा प्रवाहको गुणस्तरमा वृद्धि गर्ने,

(घ) साझेदारीको माध्यमबाट नगरपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने ।

## परिच्छेद –२: साझेदारीको स्वरूप, क्षेत्र, आधार र संस्थागत व्यवस्था

### ५ साझेदारीको स्वरूप

(१) सार्वजनिक निजी साझेदारीका स्वरुप देहाय बमोजिम हुन सक्नेछः

(क) सेवा करार

(ख) व्यवस्थापन करार

(ग) राजश्वमुखी व्यवस्थापन करार

(घ) निर्माण तथा हस्तान्तरण

(ङ) निर्माण, सञ्चालन तथा हस्तान्तरण

(च) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण

(छ) निर्माण, स्वामित्वकरण तथा सञ्चालन

(ज) निर्माण, हस्तान्तरण तथा सञ्चालन

(झ) विकास, सञ्चालन तथा हस्तान्तरण

(ञ) राजश्वमुखी निर्माण, सञ्चालन तथा हस्तान्तरण

(२) आवश्यकता अनुसार उपदफा (१) मा उल्लिखित स्वरूपहरू बाहेकका अन्य साझेदारी योजनाहरू पनि सञ्चालन गर्न सकिनेछ।

### ६ साझेदारीको क्षेत्रहरू

साझेदारीका क्षेत्रहरू निम्नानुसार हुनसक्ने छन्:

(क) फोहरमैला सङ्कलन, व्यवस्थापन र सदुपयोग,

(ख) पिउने पानीको पूर्वाधार विकास, पानीको आपूर्ति र वितरण,

(ग) सिँचाइ,

(घ) सडक, पुल, वस्ती विकास लगायतका पूर्वाधार निर्माण, सञ्चालन तथा मर्मत संभार,

(ङ) स्वास्थ्य सेवा,

(च) विद्यालय, सामुदायिक भवन, सभागृह, मनोरञ्जन स्थल, पार्क, पुस्तकालय, खेलकुद सुविधाहरूको स्थापना र व्यवस्थापन,

(छ) वजार पूर्वाधारको निर्माण, व्यवस्थापन, सार्वजनिक शौचालय, ढल निकाश, स्नानगृह, पार्किङ सुविधा, वधशाला, शवदाह स्थल आदिको व्यवस्था र सञ्चालन,

(ज) विद्युत उत्पादन, व्यवस्थापन तथा वितरण र उत्पादित विद्युतको थोक खरीद तथा वितरण,



नारायण वन
नगर प्रमुख

(झ) दमकल, एम्बुलेन्स लगायतका सार्वजनिक सुविधाहरूको व्यवस्था र सञ्चालन,

(ञ) पर्यटकीय क्षेत्रहरूको विकास, सञ्चालन र व्यवस्थापन,

(ट) केवलकार र सार्वजनिक यातायातको सञ्चालन,

(ठ) पुरातात्विक, धार्मिक एवं ऐतिहासिक महत्वका क्षेत्रहरूको संरक्षण, सम्बर्धन, विकास र व्यवस्थापन,

(ड) पूर्वाधार तथा अन्य सेवाहरूको सेवा शुल्क, दस्तुर तथा कर उठाउने कार्यको व्यवस्थापन,

(ढ) औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरूको निर्माण, संचालन र व्यवस्थापन

(ण) कृषि तथा पशुजन्य उत्पादनहरू, जडिबुटी संकलन, प्रशोधन तथा विक्री जस्ता कार्यहरूलाई प्रोत्साहन, प्रवर्धन तथा सेवा उपलब्ध गराउन आवश्यक पर्ने पूर्वाधारहरूको निर्माण, संचालन र व्यवस्थापन,

(त) सीमान्तकृत समुदाय, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक लगायतका समुदायलाई सेवा पु-याउने प्रणाली र संरचनाको स्थापना र व्यवस्थापन,

(थ) उपमहानगरपालिकालाई उपयुक्त लागेका अन्य पूर्वाधार तथा सेवा सुविधाहरू ।

## ७ साझेदारीको आधारहरू

साझेदारीका आधारहरू निम्नानुसार हुनेछन्:

(क) नगरपालिकाले प्रदान गर्नुपर्ने सेवा सुविधाहरू साझेदारी मार्फत उपलब्ध गराउँदा उपभोक्ताले सुलभ रूपमा सेवाहरू प्राप्त गर्ने अवस्थाको सुनिश्चितता र निजी साझेदारले उचित मुनाफा प्राप्त गर्नसक्ने अवस्था,

(ख) साझेदारीको सबै पक्ष साझेदारहरूले स्पष्ट रूपमा बुझ्नसक्ने गरी सेवाको प्रकृति, स्थान, समय, सम्बन्धित पक्षहरूको काम, कर्तव्य र अधिकार, अनुगमन, नियमन, समायोजन, भुक्तानी आदि व्यवस्थाहरूको लिखित किटानी व्यवस्था,

(ग) पूर्व निर्धारित मापदण्ड अनुसारको स्तरीय सेवा प्रदान भए नभएको सुनिश्चित गर्ने जिम्मेवारी नगरपालिकाले लिने र सेवा प्रदान गर्ने तरिका निर्धारण गर्ने जिम्मेवारी निजी साझेदारले लिने व्यवस्था,

(घ) साझेदारहरूवीच जोखिम बाँडफाँड गर्दा जोखिम उठाउन बढी सक्षम पक्षहरूलाई आधार मान्ने अवस्था र यसरी जोखिम उठाउने साझेदारलाई जोखिमको मात्राको आधारमा प्रतिफल प्राप्त गर्ने अवसर प्राप्त हुने अवस्था,

(ङ) लामो अवधिको साझेदारीमा दीर्घकालीन आर्थिक दायित्व वहन गर्न साझेदारहरूले आफ्नो वितीय अवस्थालाई ध्यानमा राखी साझेदारी गर्ने अवस्था।

## ८ सार्वजनिक निजी साझेदारी समिति

(१) सार्वजनिक निजी साझेदारीका सम्बन्धमा आवश्यक कार्य गर्न नगरपालिकाले निम्नानुसारको एक सार्वजनिक निजी साझेदारी समितिको गठन गर्नेछ।

(क) उप-प्रमुख अध्यक्ष

नारायण वन
नगर प्रमुख

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) नगर कार्यपालिकाको सदस्य १ जना महिला सहित २ जना सदस्य

(घ) स्थानीय उद्योग बाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य

(ङ) वितिय ब्यबस्थापन महाशाखा प्रमुख सदस्य

(च) पूर्वाधार विकास महाशाखा प्रमुख सदस्य सचिव

(२) नगरपालिकाले स्थानीय नागरिक समाजको १ जना प्रतिनिधिलाई समितिको सदस्यमा मनोनयन गर्न सक्नेछ ।

(३) साझेदारी योजनाका सम्बन्धमा छलफल गर्दा सम्बन्धित वडाको वडा अध्यक्षलाई समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार विषयगत विज्ञ, कुनै पदाधिकारी, कर्मचारी र अन्य संस्थाको प्रतिनिधि वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिको प्रमुख जिम्मेवारीहरू निम्नानुसार हुनेछन्:

(क) सार्वजनिक निजी साझेदारी योजनाहरूको पहिचान र प्राथमिकीकरण गर्ने

(ख) योजनाको अध्ययन, विश्लेषण तथा आवश्यक प्रतिवेदन लिखतहरूको तयारी गर्ने गराउने

(ग) सञ्चालित योजनाहरूको अनुगमन र मूल्याङ्कन गर्ने गराउने

(घ) विवाद व्यवस्थापन गर्ने

(ङ) सेवा शुल्क, दस्तुर, रोयल्टी, लगानी आदि निर्धारण गर्न सिफारिस गर्ने

(च) नगरपालिकाले तोकेका अन्य कार्यहरू गर्ने

(६) समितिको बैठक र कार्य सञ्चालन विधि नगरपालिकाले तोकेको अवस्थामा सोही बमोजिम र अन्य अवस्थामा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद –३: साझेदारीको अवसर पहिचान

### ९ संभावित योजनाको सूची तयार

(१) वार्षिञ

(२) +क वा अन्य योजना तर्जुमाको क्रममा पहिचान गरिएका सार्वजनिक निजी साझेदारी योजनाहरूको छुट्टै सूची तयार गर्नु पर्नेछ ।

(३) वडा समिति र अन्य समिति वा उप समितिहरूले पहिचान गरेका सार्वजनिक निजी साझेदारी योजनाहरूको सूची नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(४) नगरपालिकाको विषयगत शाखा वा महाशाखाले आफू अन्तर्गत के कस्ता योजनाहरू सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन र व्यवस्थापन गर्न सकिन्छ त्यसको सूची तयार गर्नु पर्नेछ ।



नारायण वन
नगर प्रमुख

(५) कुनै फर्म, कम्पनी वा संस्थाले सार्वजनिक निजी साझेदारी अन्तर्गत कुनै योजना सञ्चालन र व्यवस्थापन गर्न चाहेमा नगरपालिकामा निवेदन पेश गर्न सक्नेछ ।

(६) सार्वजनिक निजी साझेदारी योजनाहरू पहिचान गर्नका लागि नगरपालिकाले सार्वजनिक सूचना समेत प्रकाशित गर्न सक्नेछ ।

(७) नगरपालिकालाई उपयुक्त लागेको कुनै विधिबाट साझेदारी योजनाहरू पहिचान गर्न सक्नेछ।

(८) उपदफा (१), (२), (३), (४), (५) र (६)बमोजिम प्राप्त सबै योजनाहरूको सूची सार्वजनिक निजी साझेदारी समितिमा छलफलका लागि पेश गर्नु पर्ने छ।

## १० योजनाको प्राथमिकीकरण र छनौट

(१) दफा ९ को उपदफा (८) बमोजिम प्राप्त सूचीलाई सार्वजनिक निजी साझेदारी समितिले सम्बद्ध सरोकारवालाहरुसँग छलफल गरी उनीहरुको सुझाव र प्रतिवद्धता समेतलाई ध्यानमा राखी योजनाको प्राथमिकीकरण गर्नु पर्नेछ । त्यसरी योजना प्राथमिकीकरण गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछ ।

(क) योजनाको उद्धेश्य

(ख) सञ्चालन हुने क्षेत्र र लाभान्वित हुने जनसङ्ख्या

(ग) लक्षित वर्ग

(घ) प्राप्त हुने भौतिक वा अभौतिक लाभहरु

(ङ) प्रत्यक्ष वा अप्रत्यक्ष लाभहरु

(च) वेफाइदा वा नकारात्मक प्रभावहरु

(छ) साझेदार र साझेदारीको प्रकार तथा साझेदारका योगदानहरु

(ज) नगरपालिकाका दायित्वहरु

(झ) लगानी, प्रतिफल र जोखिमहरू

(ञ) आवश्यक देखिएका अन्य कुराहरु

द्रष्टव्यः

"सरोकारवालाहरु" भन्नाले सम्बन्धित योजनाबाट लाभ प्राप्त गर्ने पक्ष, योजनाबाट हानी वा नकारात्मक प्रभाव पर्न जाने पक्ष र योजनासँग सरोकार भएका क्रियाशिल संघ, संस्था वा व्यक्तिहरुलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिम योजनाको प्राथमिकीकरण गर्दा देहाय बमोजिम विभाजन गरी छुट्टाछुट्टै प्राथमिकीकरण गर्नु पर्नेछः

(क) नगरपालिकाको आम्दानी बढाउने योजनाहरू

(ख) नगरपालिकाको खर्च बढाउने योजनाहरू

(ग) नगरपालिकाको आम्दानी र खर्च दुवै नबढाउने योजनाहरू

द्रष्टव्यः

नारायण वन
नगर प्रमुख

(क) "नगरपालिकाको आम्दानी बढाउने योजनाहरू" भन्नाले नगरपालिकाको राजश्व बृद्धिमा प्रत्यक्ष योगदान पु-याउने योजनाहरू भन्ने सम्झनु पर्दछ ।

(ख) "नगरपालिकाको खर्च बढाउने योजनाहरू" भन्नाले सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य, गरिवी निवारण, वातावरण संरक्षण, जाति, भाषा, धर्म संस्कृति, कला, साहित्य, इतिहास, पुरातत्व, सम्पदा आदिको संरक्षण र विकास तथा प्रशासनिक र कानुनी सेवाको दृष्टिले वा यस्तै अन्य प्रकारले नगरपालिकाले कानूनतः सञ्चालन गर्नुपर्ने योजनाहरू भन्ने सम्झनु पर्दछ ।

(ग) "नगरपालिकाको आम्दानी र खर्च दुबै नबढाउने योजनाहरू" भन्नाले नगरपालिकाले लगानी गर्न नपर्ने र नगरपालिकाको राजश्व बृद्धिमा प्रत्यक्ष योगदान नगर्ने योजनाहरू भन्ने सम्झनु पर्दछ ।

(३) उपदफा (२) बमोजिम तयार भएको प्राथमिकीकरणको सूचीलाई आवश्यकता अनुसार परिमार्जन र पुनः प्राथमिकीकरण गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम गरिने छलफल कार्यक्रम आवश्यकता हेरी एकै पटक वा पटक-पटक र सामुहिक वा योजना अनुसार छुट्टाछुटै गर्न सकिनेछ ।

(५) समितिले योजना कार्यान्वयनको लागि उपदफा (२) बमोजिम तयार भएको सूचीबाट उत्कृष्ट योजनाको छनौट गर्नु पर्नेछ।

## परिच्छेद -४: साझेदारीको विस्तृत विवरण तयार र योजनामा समावेश

### ११ विस्तृत विवरण तयारी

(१) छनौट भएका योजनाको विस्तृत विवरण सम्बन्धित शाखाले तयार गर्नु पर्नेछ ।

(२) एकभन्दा बढी शाखासँग सम्बन्धित योजनाको विस्तृत विवरण प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा सबै शाखाहरूले संयुक्त रूपमा तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२)बमोजिम तयार गरिने विस्तृत विवरण तयारीका लागि आवश्यक कार्यमा सहयोग गर्नु सबै शाखाको कर्तव्य हुनेछ ।

(४) उपदफा (१)र (२) बमोजिम तयार पार्नुपर्ने विस्तृत विवरणमा आवश्यकता अनुसार निम्न मध्ये कुनै वा सबै समावेश हुन सक्नेछ ।

(क) वस्तुस्थिति विश्लेषण

(ख) सामाजिक-आर्थिक विश्लेषण

(ग) वित्तीय विश्लेषण

(घ) प्राविधिक विश्लेषण

(ङ) संभाव्यता अध्ययन

(च) वातावरणीय प्रभाव विश्लेषण

(छ) आवश्यक देखिएका अन्य अध्ययन वा विश्लेषणहरु

(५) योजनाको विस्तृत विवरणमा सामान्यतः निम्न पक्षहरुमा सुझाव प्रस्तुत गरिएको हुनु पर्नेछ ।

नारायण वन
नगर प्रमुख

(क) साझेदारी गर्दा र नगर्दा वीचको भिन्नताको पहिचान,

(ख) साझेदारीको स्वरुप (ढाँचा) वा प्रकारको किटान,

(ग) साझेदार र सेवाग्राहीहरुको हित संरक्षण गर्ने उपायहरुको पहिचान,

(घ) समीक्षा र समायोजनका प्रकृयाहरुको खाका तयार,

(ङ) संझौताका आधारभूत रुपरेखा, (मुख्य-मुख्य शर्त वन्देजहरु, समयावधि, लगानी, सेवा शुल्क निर्धारण इत्यादी),

(च) जोखिम व्यवस्थापनका उपायहरु,

(छ) योजनाको प्रकृति अनुसारका आवश्यक अन्य पक्षहरु ।

(६) योजनाको विस्तृत विवरण तयार गर्न वाह्य परामर्श सेवा लिनु परेमा प्रचलित नियमानुसार त्यस्तो सेवा लिन सकिनेछ ।

(७) उपदफा (६) वमोजिम परामर्शदाता छनौट गर्ने प्रकृया सम्बन्धित शाखाले अगाडि बढाउनु पर्नेछ ।

(८) एकभन्दा बढी शाखासँग सम्बन्धित योजनाको विस्तृत विवरण तयार गर्नको लागि परामर्शदाता छनौट गर्ने प्रकृया पूर्वाधार विकास शाखाले अगाडि बढाउनु पर्नेछ ।

(९) अन्य निकाय वा संस्थाले निःशुल्क परामर्श सेवा उपलब्ध गराउने भएमा वा अन्य निकाय वा संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा परामर्श सेवा प्राप्त गर्न सकिने अवस्था भएमा आपसी सहमतिमा त्यस्तो सेवा सोझै प्राप्त गर्न सकिनेछ ।

## १२ सार्वजनिक सुनुवाई

(१) योजनाको विस्तृत विवरण तयारीको क्रममा सार्वजनिक सुनुवाईको आयोजना गर्न आवश्यक भएमा सार्वजनिक निजी साझेदारी समितिले सो कार्यक्रमको आयोजना गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम गरिने कार्यक्रमको आयोजना गर्न अनुसूची १ बमोजिमको सूचना सरोकारवालाहरुले जानकारी पाउने गरी सार्वजनिक स्थलहरुमा टाँस गर्ने वा सञ्चारका माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(३) सार्वजनिक सुनुवाई कार्यक्रममा सम्बन्धित शाखा वा नगरपालिकाले आफूले कार्यान्वयन गर्न लागेको साझेदारी योजनाबारे प्रस्तुती गर्नु पर्नेछ ।

(४) कार्यक्रमका सहभागीहरुको जिज्ञासाको समाधान गर्ने र उनीहरुको सुझाव र प्रतिवद्धताको टिपोट गर्नु पर्नेछ ।

# परिच्छेद -५: साझेदारको छनौट

## १३ साझेदारका प्रकारहरु

(१) साझेदारी परियोजनाका साझेदारहरू देहाय बमोजिमका हुन सक्नेछन् ।

(क) निजी फर्म, कम्पनी वा व्यक्तिहरू

नारायण बन
नगर प्रमुख

(ख) गैरसरकारी संस्था, सहकारी संस्था, उपभोक्ता समूह, स्थानीय क्लब, टोल विकास संस्था, सामुदायिक संस्था वा यस्तै प्रकारका अन्य संस्थाहरु

(ग) विशिष्ट प्रकारका संस्था, फर्म वा कम्पनीहरू(Specialized Agencies)

(घ) साझा संयन्त्र वा संयुक्त कम्पनीहरू(Special Purpose Vehicles)

द्रष्टव्यः

(क) "विशिष्ट प्रकारका संस्था, फर्म वा कम्पनीहरू (Specialized Agencies)" भन्नाले कुनै एक वा सिमित प्रकारको सार्वजनिक सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुन अनुसार गठन भएको सामाजिक संस्था, धार्मिक सांस्कृतिक संस्था, गुठी, निजी फर्म वा कम्पनी आदिलाई जनाउँछ ।

(ख) "साझा संयन्त्र वा संयुक्त कम्पनीहरू (Special Purpose Vehicles)" भन्नाले सरकारी निकाय, निजी क्षेत्र, सामाजिक संस्था वा नागरिक समाजका निकायहरूमध्ये कुनै दुई वा सोभन्दा बढी निकायहरूको संयुक्त प्रयासमा कुनै खास प्रकारको सार्वजनिक सेवा प्रदान गर्नको लागि गठन भएको साझा संयन्त्र वा संयुक्त कम्पनीहरूलाई जनाउँछ ।

(२) कुनै योजनाका लागि साझेदारको छनौट प्रक्रिया थाल्नु अघि उपदफा (१) मा उल्लिखित मध्ये कुन प्रकारको साझेदार छनौट गर्न खोजेको हो सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्णय सार्वजनिक निजी साझेदारी समितिको परामर्शमा उपमहानगरपालिका प्रमुखले गर्नेछ।

## १४ आवश्यक कागजातको तयारी

(१) साझेदार छनौटका लागि आवश्यक पर्ने मनसाय पत्र (Letter/Expression of Interest), प्रस्ताव पत्र (Request for Proposal) लगायतका कागजातहरुको तयारी सामान्यतः सम्बन्धित शाखाले गर्नु पर्नेछ।

(२) एकभन्दा बढी शाखासँग सम्बन्धित मनसाय पत्र, प्रस्ताव पत्र लगायतका आवश्यक कागजातहरु तयारी प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा सम्बन्धित शाखाहरूले संयुक्त रूपमा तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका कागजातहरू तयार गर्न आवश्यक सहयोग गर्नु सबै शाखाको कर्तब्य हुनेछ।

(४) उपदफा (१)वा (२)बमोजिम तयार भएको कागजातहरुको स्वीकृती प्रचलित सार्वजनिक खरीद ऐन र नियमावली बमोजिम गर्नु पर्नेछ।

(५) तयार भएको कागजातहरु उपदफा (४) बमोजिम स्वीकृत भएपछि मात्र साझेदार छनौटको औपचारिक प्रकृयाको थालनी गर्नु पर्नेछ ।

(६) साझेदारको छनौट गर्न आवश्यक प्रकृया अगाडि बढाउने जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ।

(७) एकभन्दा बढी शाखासँग सम्बन्धित योजनाको साझेदार छनौट गर्न आवश्यक प्रकृया अगाडि बढाउने जिम्मेवारी पूर्वाधार विकास शाखाको हुनेछ।

(८) उपदफा (६)र (७)बमोजिम साझेदार छनौट गर्नको लागि आवश्यक सहयोग गर्नु सबै शाखाको कर्तब्य हुनेछ।

**१५ व्यक्ति, फर्म, कम्पनी र सामाजिक संस्थालाई साझेदार छनौट गर्ने प्रकृया**

(१) नगरपालिकाले कुनै योजना सार्वजनिक-निजी साझेदारीमा सञ्चालन र व्यवस्थापन गर्न उपयुक्त देखी निर्णय भए पश्चात आवश्यक विवरण खुलाई १५ देखि ३० दिनको समय दिई मनसाय पत्र पेश गर्नको लागि सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ ।

(२) मनसाय पत्र प्राप्त भएको मितिले १ महिनाभित्र तोकिएको मापदण्डको आधारमा मनसाय पत्रहरूको मूल्याङ्कन गरी संभावित साझेदारहरुको संक्षिप्त सूची तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(३) मनसाय पत्रको मूल्याङ्कन नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिले गर्नु पर्नेछ ।

(४) योजना कार्यान्वयन गर्ने सम्बन्धमा १५ दिनदेखि ३० दिनसम्मको म्याद दिई आवश्यक विवरण खुलाई छुट्टा छुट्टै प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नका लागि संक्षिप्त सूचीमा रहेका मनसाय पत्रदाताहरूलाई सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ ।

(५) प्राविधिक प्रस्तावको मूल्याङ्कनबाट उत्कृष्ठ ठहरिएका कुनै तीन प्रस्तावकको मात्र आर्थिक प्रस्ताव स्वीकार्य हुनेछ।

(६) नगरपालिकाको आम्दानी बढाउने खालको योजना कार्यान्वयनको लागि साझेदारको छनौट गर्दा निम्न मध्ये कुनै एक तरिकाबाट गर्न सकिनेछ।

(क) प्राविधिक प्रस्तावमा उत्कृष्ठ ठहरिएका कुनै तीन प्रस्तावमध्ये सबैभन्दा बढी रकम बुझाउने कवोल गरेको प्रस्तावकलाई छनौट गर्ने वा,

(ख) प्राविधिक प्रस्तावमा उतीर्ण भएका प्रस्तावहरूको प्राविधिक प्रस्तावलाई ५० प्रतिशत अंकभार र आर्थिक प्रस्तावलाई५० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने वा,

(ग) प्राविधिक प्रस्तावमा उतीर्ण भएका प्रस्तावहरूको प्राविधिक प्रस्तावलाई ५० प्रतिशत अंकभार र आर्थिक प्रस्तावमा प्रस्तावित राजश्वलाई कुल वर्तमान मूल्यमा रूपान्तरण गरी सो मूल्यलाई ५० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने वा,

(घ) प्राविधिक प्रस्तावमा उतीर्ण भएका प्रस्तावहरूले नगरपालिकाबाट लगानी समेत माग गरेको अवस्थामा प्रस्तावकहरूको प्राविधिक प्रस्तावलाई ५० प्रतिशत अंकभार र आर्थिक प्रस्तावमा प्रस्तावित राजश्वलाई खुद वर्तमान मूल्यमा रूपान्तरण गरी सो मूल्यलाई ५० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग

नारायण वन
नगर प्रमुख

सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने । तर खुद वर्तमान मूल्य नकारात्मक रहेको प्रस्तावकको प्रस्ताव स्वीकार गरिने छैन ।

(ङ) खण्ड (घ) बमोजिम कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावक साझेदारीको लागि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा दोश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई छनौट गर्न सक्नेछ । दोश्रो प्रस्तावक पनि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा तेश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई साझेदारीको लागि छनौट गर्न सक्नेछ ।

(७) नगरपालिकाको खर्च बढाउने खालको योजना कार्यान्वयनको लागि साझेदारको छनौट गर्दा निम्न मध्ये कुनै एक तरिकाबाट गर्न सकिनेछ।

(क) प्राविधिक प्रस्तावमा उत्कृष्ठ ठहरिएका कुनै तीन प्रस्तावकहरूमध्ये सबैभन्दा कम रकम माग गरेको प्रस्तावकलाई छनौट गर्ने वा,

(ख) प्राविधिक प्रस्तावमा उत्तीर्ण भएका प्रस्तावहरूको प्राविधिक प्रस्तावलाई ८० प्रतिशत अंकभार र आर्थिक प्रस्तावलाई२० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने वा,

(ग) प्राविधिक प्रस्तावमा उतीर्ण भएका प्रस्तावहरूको प्राविधिक प्रस्तावलाई ८० प्रतिशत अंकभार र आर्थिक प्रस्तावमा माग गरिएको रकमलाई कुल वर्तमान मूल्यमा रूपान्तरण गरी सो मूल्यलाई २० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने वा,

(घ) प्राविधिक प्रस्तावमा उत्तीर्ण भएका प्रस्तावकहरूले नगरपालिकाबाट रकम माग गर्नुका साथसाथै नगरपालिकालाई केही राजश्व बुझाउने समेत प्रस्ताव गरेको अवस्थामा प्राविधिक प्रस्तावलाई ८० प्रतिशत अंकभार र आर्थिक प्रस्तावमा माग गरिएको रकमको कुल वर्तमान मूल्यबाट बुझाउने प्रस्ताव गरिएको राजश्वको कुल वर्तमान मूल्य घटाई बाँकी रहेको वर्तमान मूल्यलाई २० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने । तर माग गरिएको रकमको कुल वर्तमान मूल्यभन्दा नगरपालिकालाई बुझाउन प्रस्ताव गरिएको राजश्वको कुल वर्तमान मूल्य बढी भएमा त्यस्तो प्रस्तावलाई स्वीकार गरिने छैन ।

(ङ) खण्ड (घ) बमोजिम कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावक साझेदारीको लागि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा दोश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई छनौट गर्न सक्नेछ । दोश्रो प्रस्तावक पनि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा तेश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई साझेदारीको लागि छनौट गर्न सक्नेछ ।

(८) नगरपालिकाको आम्दानी र खर्च दुबै नबढाउने खालको योजना कार्यान्वयनको लागि साझेदारको छनौट गर्दा निम्न मध्ये कुनै एक तरिकाबाट गर्न सकिनेछ।



नारायण बन
नगर प्रमुख

(क) प्राविधिक प्रस्तावमा उत्कृष्ठ ठहरिएका कुनै तीन प्रस्तावकहरूमध्ये योजनामा सबैभन्दा बढी रकम लगानी गर्ने प्रस्ताव गर्ने प्रस्तावकलाई छनौट गर्ने वा,

(ख) प्राविधिक प्रस्तावमा उतीर्ण भएका प्रस्तावहरूको प्राविधिक प्रस्तावलाई ८० प्रतिशत अंकभार र आर्थिक प्रस्तावलाई २० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने वा,

(ग) प्राविधिक प्रस्तावमा उतीर्ण भएका प्रस्तावकहरूको प्राविधिक प्रस्तावलाई ८० प्रतिशत अंकभार र आर्थिक प्रस्तावमा प्रस्ताव गरिएको लगानी रकमलाई कुल वर्तमान मूल्यमा रूपान्तरण गरी सो मूल्यलाई २० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने वा,

(घ) प्राविधिक प्रस्तावमा उत्तीर्ण भएका प्रस्तावहरूले नगरपालिकालाई केही राजश्व बुझाउने समेत प्रस्ताव गरेको अवस्थामा प्राविधिक प्रस्तावलाई ८० प्रतिशत अंकभार र आर्थिक प्रस्तावमा प्रस्ताव गरिएको लगानी रकमको कुल वर्तमान मूल्यबाट बुझाउने प्रस्ताव गरिएको राजश्वको कुल वर्तमान मूल्य घटाई बाँकी रहेको वर्तमान मूल्यलाई २० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्ने । तर लगानी रकमको कुल वर्तमान मूल्य भन्दा नगरपालिकालाई बुझाउन प्रस्ताव गरिएको राजश्वको कुल वर्तमान मूल्य बढी भएमा त्यस्तो प्रस्तावलाई स्वीकार गरिने छैन ।

(ङ) खण्ड (घ) बमोजिम कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावक साझेदारीको लागि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा दोश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई छनौट गर्न सक्नेछ । दोश्रो प्रस्तावक पनि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा तेश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई साझेदारीको लागि छनौट गर्न सक्नेछ ।

(९) उपदफा (६), (७)र (८)मा उल्लिखित तरिकाहरूमध्ये कुन तरिकाबाट साझेदार छनौट गर्ने हो सोको निर्णय सार्वजनिक निजी साझेदारी समितिको परामर्शमा नगरपालिकाको प्रमुखबाट आर्थिक तथा प्राविधिक प्रस्ताव आव्हान गर्नुपूर्व गरिसक्नु पर्नेछ।

(१०) प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिले गरी अन्तिम स्वीकृतिको लागि नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१६ विशिष्ट प्रकारका संस्था, फर्म वा कम्पनीलाई साझेदार छनौट गर्ने प्रकृया**

(१) विशिष्ट प्रकारका संस्था, फर्म वा कम्पनीहरू (Specialized Agencies)मध्येबाट साझेदार छनौटको लागि सार्वजनिक सूचना प्रकाशित गरी साझेदारीको लागि प्रस्ताव वा निवेदन माग गर्नु पर्नेछ ।

(२) साझेदारीको लागि सम्बन्धित पक्षले नगरपालिकामा सोझै प्रस्ताव वा निवेदन पेश गरेमा त्यसलाई पनि मान्यता दिइनेछ ।

नारायण वन
नगर प्रमुख

(३) प्रस्तावक वा निवेदक एक भन्दा बढी भएमा निवेदकहरूसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावको छनौट योजनाको प्रकृति अनुसार दफा १५ को उपदफा (६), (७)र (८) मा उल्लिखित तरिका मध्ये उपयुक्त कुनै एक तरिकाबाट गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिले गरी अन्तिम स्वीकृतिको लागि नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (१) वा (२)बमोजिम प्राप्त निवेदन एक मात्र भएमा उक्त निवेदकबाट प्राविधिक तथा आर्थिक प्रस्तावको माग गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त प्राविधिक तथा आर्थिक प्रस्ताव छनौट सार्वजनिक निजी साझेदारी समितिले तोकेको मापदण्डको आधारमा हुनेछ।

**१७ साझा संयन्त्र वा संयुक्त कम्पनी निर्माणको लागि साझेदार छनौट गर्ने तरिका**

(१) कुनै सार्वजनिक सेवा प्रदान गर्नको लागि नगरपालिका, निजी क्षेत्र, सामाजिक संस्था वा नागरिक समाज मध्ये कुनै दुई वा सोभन्दा बढी सरोकारवालापक्षहरूको साझा प्रयास आवश्यक भएमा त्यस्तो साझा संयन्त्र वा संयुक्त कम्पनीको लागि साझेदार छनौट गर्न नगरपालिकाले १५ दिनदेखि ३० दिनको समय दिई सार्वजनिक सूचना प्रकाशित गरी साझेदारीको लागि मनसाय पत्र आव्हान गर्नु पर्नेछ।

(२) मनसाय पत्र प्राप्त भएको मितिले १ महिनाभित्र तोकिएको मापदण्डको आधारमा मनसाय पत्रहरूको मूल्याङ्कन गरी संभावित साझेदारहरुको संक्षिप्त सूची तयार गरी नगरपालिकाको प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

(३) योजना कार्यान्वयन गर्ने सम्बन्धमा ३० दिनसम्मको म्याद दिई आवश्यक विवरण खुलाई छुट्टा छुट्टै प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नका लागि संक्षिप्त सूचीमा रहेका आशय पत्रदाताहरूलाई सार्वजनिक आव्हान गर्नु पर्नेछ ।

(४) प्राविधिक प्रस्तावको मूल्याङ्कनबाट उत्कृष्ठ ठहरिएका कुनै तीन प्रस्तावकको मात्र आर्थिक प्रस्ताव स्वीकार्य हुनेछ।

(५) प्राविधिक प्रस्तावमा उतीर्ण भएका प्रस्तावहरूको प्राविधिक प्रस्तावलाई ५० प्रतिशत अंकभार र आर्थिक प्रस्तावमा प्रस्तावित लगानीलाई कुल वर्तमान मूल्यमा रूपान्तरण गरी सो मूल्यलाई ५० प्रतिशत अंकभार प्रदान गरी दुवैको कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावकलाई छनौट गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम कुल योग सबभन्दा बढी ल्याउने प्रस्तावक साझेदारीको लागि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा दोश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई छनौट गर्न सक्नेछ । दोश्रो प्रस्तावक पनि तयार नभएमा वा कुनै



नारायण वन
नगर प्रमुख

कारणले अयोग्य भएमा तेश्रो बढी कुल योग प्राप्त गर्ने प्रस्तावकलाई साझेदारीको लागि छनौट गर्न सक्नेछ।

(७) उपदफा (१) बमोजिम मनसायपत्र आव्हान गर्दा ३ वटा भन्दा कम मनसाय पत्र प्राप्त भएमा १५ दिनको समय दिई मनसाय पत्र पेश गर्न पुनः सूचना प्रकाशित गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम मनसायपत्र आव्हान गर्दा पनि कुनै मनसाय पत्र नै प्राप्त नभएमा पहिलो चोटी प्राप्त मनसाय पत्रलाई नै मान्यता दिई साझेदार छनौटको प्रकृया अगाडि बढाउन सकिनेछ ।

## १८ सहमति-पत्र

(१) संझौता गर्नु पूर्व सहमति-पत्रमा हस्ताक्षर गर्नुपर्ने भए ३ महिनाको समयावधिमा नबढ्ने गरी सहमति-पत्रमा प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नु पर्नेछ र सम्बन्धित शाखा प्रमुख र सार्वजनिक निजी साझेदारी समितिको सदस्य सचिव साक्षीको रुपमा रहनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहमति-पत्रमा हस्ताक्षर गर्नुपर्ने वा नपर्ने भन्ने विषयको निर्क्यौल सम्बन्धित शाखा र सार्वजनिक निजी साझेदारी समितिको सदस्य सचिवको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नीतिगत महत्वका सहमति-पत्रमा नगरपालिकाको प्रमुखले हस्ताक्षर गर्न सक्नेछ । यसरी हस्ताक्षर भएको सहमति-पत्रको साक्षीमा प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख रहनु पर्नेछ । कुनै सहमति-पत्र नीतिगत महत्वको हो भन्ने निर्णय गर्ने अधिकार नगरपालिकाको प्रमुखमा हुनेछ ।

(४) सहमति-पत्रमा साझेदारको तर्फबाट साझेदार संस्थाको प्रमुख वा निजले अख्तियार सुम्पेको व्यक्तिले आफ्नो दुईजना साक्षीको रोहवरमा हस्ताक्षर गर्नु पर्नेछ ।

## १९ संझौता-पत्र

(१) छनौट भएको साझेदारसँग द्विपक्षीय संझौता गरी लागू गर्नु पर्नेछ ।

(२) संझौता गर्नु पूर्व नगरपालिकाले संझौतामा उल्लेख गरिने शर्तहरू एवं अन्य विषयका सम्बन्धमा आवश्यकता अनुसार कानुनी सल्लाह लिन सक्नेछ ।

(३) संझौता-पत्रमा नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले दस्तखत गर्नु पर्नेछ र सम्बन्धित शाखा प्रमुख र सार्वजनिक निजी साझेदारी समितिको सदस्य सचिव साक्षीको रुपमा रहनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नीतिगत महत्वका संझौता-पत्रमा नगरपालिकाको प्रमुखले हस्ताक्षर गर्न सक्नेछ । यसरी हस्ताक्षर भएको संझौता-पत्रको साक्षीमा प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाको प्रमुख रहनु पर्नेछ । कुनै

नारायण बन
नगर प्रमुख

संझौता-पत्र नीतिगत महत्वको हो भन्ने निर्णय गर्ने अधिकार नगरपालिकाको प्रमुखमा हुनेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम हुने संझौता-पत्रमा साझेदारको तर्फबाट साझेदार संस्थाको प्रमुख वा निजले अख्तियार सुम्पेको व्यक्तिले आफ्ना दुई जना साक्षीको रोहवरमा हस्ताक्षर गर्नु पर्नेछ ।

**२० सहमति-पत्र र संझौता-पत्रको सुरक्षा**

(१) साझेदारसँग भएको सहमति-पत्र र संझौता-पत्र सम्बन्धित शाखाले सुरक्षित राख्नु पर्नेछ । एकभन्दा बढी शाखा संलग्न भै गरिएका सहमति-पत्र वा संझौता-पत्रको मूल प्रति नगरपालिकाको प्रमुखले तोकेको शाखामा राख्नु पर्नेछ र सम्बद्ध अन्य शाखाले कार्यालय प्रयोजनको लागि प्रतिलिपि राख्नु पर्नेछ ।

(२) सहमति-पत्र र संझौता-पत्रको प्रतिलिपि हस्ताक्षर सम्पन्न भएको एकहप्ता भित्र सम्बन्धित शाखाले वित्तीय व्यवस्थापन शाखामा अनिवार्य पठाउनु पर्नेछ ।

## परिच्छेद –६: साझेदारीको कार्यान्वयन, अनुगमन र वार्षिक समीक्षा

**२१ योजनाको कार्यान्वयन**

(१) संझौता बमोजिम साझेदारी योजनाको कार्यान्वयन गराउने जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने योजनाको कार्ययोजना वा कार्यतालिका तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ ।

**२२ योजनाको सुपरिवेक्षण र अनुगमन**

(१) योजना कार्यान्वयन भएपछि सोको नियमित सुपरिवेक्षण र अनुगमन संझौता-पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम र नभएको हकमा सम्बन्धित शाखाले गर्नु पर्नेछ ।

(२) योजनाको सुपरिवेक्षण र अनुगमन संझौता-पत्र र दफा २१ (२) बमोजिमको कार्ययोजना वा कार्यतालिका र तोकिएका अन्य मापदण्डका आधारमा गर्नुपर्नेछ ।

**२३ सुपरिवेक्षण तथा अनुगमनको प्रतिवेदन र त्यसको कार्यान्वयन**

(१) दफा २२ (१) बमोजिम गरिएको सुपरिवेक्षण र अनुगमन कार्यको प्रतिवेदन संझौता-पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम र नभएको हकमा सार्वजनिक निजी साझेदारी समितिमा बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमक प्राप्त सुपरिवेक्षण र अनुगमन प्रतिवेदनमाथि समितिले छलफल गरी उपयुक्त निर्णय गर्न सक्नेछ ।

नारायण बन
नगर प्रमुख

## २४ योजनाको वार्षिक समीक्षा

(१) साझेदारले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र वार्षिक प्रगति प्रतिवेदन सम्बन्धित महाशाखामा पेश गर्नु पर्नेछ।

(२) वार्षिक प्रतिवेदनमा सामान्यतः निम्न विषयहरुको विश्लेषण गरिएको हुनु पर्नेछ।

(क) संझौता बमोजिमका संख्यात्मक र गुणात्मक लक्ष्यहरु,

(ख) हासिल भएका उपलब्धिहरु,

(ग) लक्ष्य र प्रगति वीच भएका भिन्नताहरु,

(घ) लक्ष्य र प्रगति वीच भएका भिन्नताहरुका कारण वा समस्याहरु, त्यस्ता समस्या उत्पन्न हुनुका कारण र तिनले पारेका प्रभावहरु,

(ङ) उत्पन्न समस्या समाधानका लागि भए गरिएका प्रयासहरु,

(च) योजना कार्यान्वयनको क्रममा हासिल भएका राम्रा तथा नराम्रा अनुभवहरु,

(छ) संझौतामा समायोजन गर्नुपर्ने वा नियमन गर्नुपर्ने कुराहरु भए सो सम्बन्धी सुझावहरु र त्यसो गर्नु पर्नाका कारणहरु,

(ज) आगामी समयमा ध्यान दिनुपर्ने विषय, क्षेत्र वा यस्तै अन्य कुरा भए ती कुराहरु र सो गर्नु पर्नाका कारणहरु ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन समीक्षाको लागि सम्बन्धित शाखाले सार्वजनिक निजी साझेदारी समितिमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनको समीक्षा समितिले पहिलो चौमासिकभित्र गर्नु पर्नेछ। समीक्षा बैठकमा सम्बन्धित साझेदारलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिले आवश्यक छलफल गरी कुनै कार्य गर्न आवश्यक भए सोको सिफारिस नगरपालिका समक्ष गर्न सक्नेछ ।

# परिच्छेद –७: विविध

## २५ विवाद समाधान

(१) साझेदारी योजना कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा उक्त विवादले असर पर्ने पक्षले अर्को पक्षलाई करारको समयावधि भित्रै लिखित रूपमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा विवाद बारे पूर्ण जानकारी र समाधानका विकल्पहरू समेत उल्लेख हुनु पर्नेछ। तर विवाद समाधान गर्न त्यसरी उल्लेख गरिएका विकल्पहरूमा सिमित रहन करारका पक्षहरू बाध्य हुनेछैन।

(३) उपदफा (१) बमोजिमको सूचना पाएको १५ दिनभित्र अर्को पक्षले त्यस्तो विवाद समाधानको लागि पहल गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको पहल नभएमा वा उक्त पहल भएको १५ दिनभित्र आपसी समझदारीबाट विवाद समाधान हुन नसकेमा सो म्याद समाप्त भएको ७ दिनभित्र



नारायण बन
नगर प्रमुख

करारको कुनै पक्षले सार्वजनिक निजी साझेदारी समितिमा जानकारी गराई उक्त समितिबाट विवाद समाधानको पहल गर्नु पर्नेछ।

(५) समितिले विवाद समाधान गर्न आफै वा सोका लागि समितिको सदस्यको अध्यक्षमा विवाद गर्ने पक्षहरूको एक-एक जना प्रतिनिधि रहेको उपसमिति गठन गरी विवाद समाधान गर्न पहल गर्न सक्नेछ।

(६) समितिलाई जानकारी प्राप्त भएको ३० दिनभित्र पनि त्यस्तो विवाद समाधान हुन नसकेमा वा समितिको पहलमा चित्त नबुझ्ने पक्षले त्यसरी समय समाप्त भएको वा समितिले सिफारिश गरेको मितिलाई विवाद भएको मिति कायम गरी प्रचलित मध्यस्थता कानुन बमोजिम विवादको समाधान गराउन मर्का पर्ने पक्षले पहल गर्न सक्नेछ।

(७) विवाद खडा भएको वा मध्यस्थताको कारवाही शुरू भएको कारणबाट मात्र करारको कुनै पक्षले करार बमोजिम आफूले पालना गर्नुपर्ने करारीय कर्तब्य वा वहन गर्नुपर्ने दायित्व पालन वा वहन गर्न इन्कार गर्न सक्ने छैन।

**२६ योजनाको अन्तिम मूल्याङ्कन र त्यसको कार्यान्वयन**

(१) संझौताको अवधि समाप्त हुनुभन्दा तीन महिना अगाडि साझेदारले अन्तिम प्रगति प्रतिवेदन सम्बन्धित शाखामा बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा निम्न विषयहरु समावेश भएको हुनु पर्नेछः

(क) संझौता बमोजिमको लक्ष्य,

(ख) प्राप्त प्रत्यक्ष र अप्रत्यक्ष तथा भौतिक र अभौतिक उपलब्धीहरु,

(ग) योजनाको कार्यान्वयनमा आइपरेका समस्या, तिनको कारण र प्रभावहरु,

(घ) समस्या समाधानका लागि भएका प्रयास र तिनको प्रभाव,

(ङ) सकारात्मक र नकारात्मक अनुभवहरु,

(च) भविष्यमा समान प्रकृतिका साझेदारी योजना सञ्चालन गर्न नगरपालिकाले ध्यान दिनु पर्ने कुराहरु,

(छ) संझौता नवीकरण गर्नुपर्ने वा नपर्ने र सो गर्नु पर्नाका कारणहरु,

(ज) आवश्यक देखिएका अन्य कुराहरु ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित शाखाले छलफलको लागि सार्वजनिक निजी साझेदारी समितिमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सार्वजनिक निजी साझेदारी समितिले एक महिनाभित्र अन्तिम मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अन्तिम मूल्याङ्कनमा सामान्यतः निम्न विषयहरुको विश्लेषण गरिएको हुनु पर्नेछ

(क) संझौता बमोजिमको लक्ष्य,

(ख) प्राप्त प्रत्यक्ष र अप्रत्यक्ष तथा भौतिक र अभौतिक उपलब्धिहरु,

(ग) योजनाको कार्यान्वयनमा आइपरेका समस्या, तिनको कारण र प्रभावहरु,

(घ) समस्या समाधानका लागि भएका प्रयास र तिनको प्रभाव,

(ङ) सकारात्मक र नकारात्मक अनुभवहरु,

(च) भविष्यमा समान प्रकृतिका साझेदारी परियोजना सञ्चालन गर्न नगरपालिकाले ध्यान दिनुपर्ने कुराहरु,

(छ) सहमति-पत्र वा संझौता नवीकरण गर्नु पर्ने भए सोका कारणहरु,

(ज) सहमति-पत्र वा संझौतामा समायोजन गर्नु पर्ने भए सो का कारणहरु,

(झ) आगामी दिनमा सम्बन्धित योजना नगरपालिका आफैले सञ्चालन गर्नुपर्ने हो भने सोका कारणहरु,

(ञ) साझेदारी योजना बन्द गर्नुपर्ने भए सो का कारणहरु,

(ट) आवश्यक देखिएका अन्य कुराहरु ।

(६) प्रतिवेदनको मूल्याङ्कन गरी समितिले नगरपालिकालाई निम्न पाँच मध्ये कुनै एक अनुसार सिफारिस गर्नु पर्नेछ ।

(क) संझौता-पत्रको निश्चित अवधिका लागि नवीकरण गर्ने वा,

(ख) संझौतामा समयानुकुल समायोजन वा पुरक संझौता गरी निरन्तरता दिने वा,

(ग) नयाँ साझेदार छनौट गर्नुपर्ने वा,

(घ) हाललाई सम्बन्धित परियोजना नगरपालिका स्वयमले सञ्चालन गर्ने वा

(ङ) साझेदारी योजना नै बन्द गर्ने ।

(७) उपदफा (६) बमोजिमको सिफारिसका सम्बन्धमा नगरपालिकाले संझौता अवधिभित्रै आवश्यक निर्णय गर्नु पर्नेछ ।

**२७ सेवा शुल्क, दस्तुर, रोयल्टी वा राजश्व आदिको पुनरावलोकन**

(१) साझेदारले योजना सञ्चालन गर्दा संझौता बमोजिम सेवाग्राही वा नगरपालिकासँग लिन पाउने सेवा शुल्क वा नगरपालिकालाई बुझाउनु पर्ने राजश्वमा पुनरावलोकन गर्न आवश्यक भए सोको कारण सहित निवेदन सम्बन्धित शाखामा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन सम्बन्धित शाखाले छलफलको लागि सार्वजनिक निजी साझेदारी समितिमा पेश गर्नु पर्नेछ।

(३) समितिले उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक छलफल गरी नगरपालिकालाई आवश्यक सुझाव दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम हुने सेवा शुल्क, दस्तुर, रोयल्टी वा राजश्व आदिको पुनरावलोकन सम्बन्धी छलफलमा सम्बन्धित साझेदारलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

(५) साझेदारले निवेदन नदिए पनि सेवा शुल्क, दस्तुर, रोयल्टी वा राजश्व आदिको पुनरावलोकन गर्न आवश्यक छ भन्ने नगरपालिकालाई लागेमा समितिले पुनरावलोकन गरी नगरपालिकालाई आवश्यक सुझाव दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम हुने सेवा शुल्क, दस्तुर, रोयल्टी वा राजश्व आदिको पुनरावलोकन सम्बन्धी छलफलमा सम्बन्धित साझेदारलाई समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

**२८ बीड वण्ड**

(१) व्यक्ति, फर्म वा कम्पनीहरूले प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्दा नगरपालिकालाई बुझाउन कवोल गरेको कुल रकमको वा नगरपालिकाबाट माग गरेको कुल रकमको २.५ प्रतिशतले हुन आउने रकम बराबरको बीड बण्ड पेश गर्नु पर्नेछ।

(२) दफा १३ (१) को खण्ड (ख) र (ग) बमोजिमका साझेदारहरूले वीडवण्ड पेश गर्नु पर्ने वा नपर्ने सम्बन्धमा सार्वजनिक निजी साझेदारी समितिको सिफारिसमा नगरपालिकाको प्रमुखले निर्णय गर्नु पर्नेछ ।

(३) दफा १३ (१) को खण्ड (घ) बमोजिमका साझेदारहरूले वीडवण्ड पेश गर्नु पर्ने छैन ।

**२९ परफरमेन्स वण्ड**

(१) साझेदारी योजना कार्यान्यनको लागि छनौट भएको व्यक्ति, फर्म वा कम्पनीहरूले संझौता गर्नु पूर्व नगरपालिकालाई बुझाउन कवोल गरेको कुल रकमको वा नगरपालिकाबाट माग गरेको कुल रकमको १० प्रतिशतले हुन आउने रकम बराबरको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारले पेश गरेको परफरमेन्स बण्ड वरावरको रकम पूर्वाधार संरचना वा हस्तान्तरण योग्य सम्पतिमा साझेदारले लगानी गरिसकेपछि परफरमेन्स वण्ड पेश गर्नुपर्ने छैन।

(३) दफा १३ (१) को खण्ड (ख) र (ग) बमोजिमका साझेदारहरूले परफरमेन्स वण्ड पेश गर्नुपर्ने वा नपर्ने सम्बन्धमा सार्वजनिक निजी साझेदारी समितिको सिफारिसमा नगरपालिकाको प्रमुखले निर्णय गर्नु पर्नेछ ।

(४) दफा १३ (१) को खण्ड (घ) बमोजिमका साझेदारहरूले परफरमेन्स वण्ड पेश गर्नुपर्ने छैन ।

**३० संशोधन**

(१) यो निर्देशिकाको कुनै प्रावधान संशोधन वा थपघट गर्नु परेमा नगर कार्यपालिकाबाट संशोधन वा थपघट गर्न सकिनेछ ।

(२) प्रचलित कानुनको विपरित नहुने गरी वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**३१ बचाउ**

(१) यो निर्देशिका लागू हुनुभन्दा पहिले भएका संझौताहरु आपसी सहमतिमा थपघट वा परिमार्जन नभएसम्म जे जस्तो अवस्थामा छ सोही अवस्थामा लागू रहनेछ ।

नारायण वन
नगर प्रमुख

(२) यो निर्देशिका लागू हुनु भन्दा अघि वा पछि यस निर्देशिका बमोजिम कुनै कार्य गर्न पहिलेको संझौताले कुनै बाधा अड्काउ पारेको भए त्यस्तो बाधा अड्काउ फुकाउन आपसी सहमतिमा पूरक वा थप संझौता गरी अथवा पहिलेको संझौतालाई परिमार्जन गरी लागू गर्न सकिनेछ ।

(३) यो निर्देशिका लागू हुनुभन्दा पहिले भएका संझौता यस निर्देशिकासँग नबाझिएको हदसम्म लागू हुनेछ ।

नारायण वन
नगर प्रमुख